# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०५० सालको ऐन नं. २०

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐ रामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### अध्यागमन ऐन, २०४९ लाई संशोधन गर्न बनेको **ऐन**

प्रस्तावना : अध्यागमन ऐन, २०४९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको बाइसौं वर्षमा संसदले यो ऐन बनाएकोछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "अध्यागमन (पहिलो संशोधन) ऐन, २०५०" रहेकोछ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. अध्यागमन ऐन, २०४९ को दफा ३ मा संशोधन : अध्यागमन ऐन, २०४९ (यसपछि "मूल ऐन" भनिएको) को दफा ३ को उपदफा (१) मा रहेको "कुनै पनि विदेशीले" भन्ने शब्दहरु पछि "राहदानी र" भन्ने शब्दहरु थपिएका छन् ।

३. मूल ऐनको दफा ५ मा संशोधन : मूल ऐनको दफा ५ को उपदफा (२) पछि देहायको उपदफा (३) थपिएकोछ :-

"(३) विदेशी राज्यको सरकारबाट वा त्यस्तो सरकारद्वारा अधिकार प्राप्त अधिकारीबाट जारी गरिएको राहदानी र भिसा नभएको कुनै पनि विदेशीलाई कसैले नेपाल अधिराज्यभित्र प्रवेश, उपस्थिति र प्रस्थान गराउन हुँदैन ।"

४. मूल ऐनको दफा ७ मा संशोधन : मूल ऐनको दफा ७ को खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएकोछ :-

"(ग१) खण्ड (ख) बमोजिम दिइएको पदयात्रा अनुमति वा खण्ड (ग) बमोजिम जारी गरिएको वा म्याद थप गरिएको भिसा तोकिए बमोजिमको अवस्थामा रद्द गर्ने ।"

५. मूल ऐनको दफा ८ मा संशोधन : मूल ऐनको दफा ८ को,-

(१) उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएकोछ :-

"(१) यो ऐन र यस ऐन अन्तरगत बनेको नियम विपरीत कुनै अपराध भए गरेको वा हुन लागेको कुरा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विभाग वा कार्यालयलाई जानकारी हुन आएमा महानिर्देशकले तोकेको अध्यागमन अधिकृतले सो सम्बन्धी अपराधको तहकिकात र कारबाही गर्नेछ ।"



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (२) मा रहेका "अभियुक्तलाई बयान गराउन, तारेखमा राख्न, धरौटी वा जमानी लिई छाड्न र धरौटी वा जमानी दिन नसकेमा थुनामा राख्न सक्नेछ ।" भन्ने शब्दहरुको सट्टा "अभियुक्तलाई बयान गराई मनासिब आधार भएमा तारेखमा राख्न, धरौट वा जमानत लिई छाड्न वा थुनामा राख्न सक्नेछ ।" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपदफा (२) पछि देहायको उपदफा (२क) थपिएकोछ :-

"(२क) उपदफा (२) बमोजिम धरौट वा जमानत दिनु पर्ने अभियुक्तले धरौट वा जमानत दिन नसकेमा निजलाई थुनामा राख्न सकिनेछ ।"

६. मूल ऐनको दफा ९ मा संशोधन : मूल ऐनको दफा ९ को,-

(१) उपदफा (१) पछि देहायको उपदफा (१क) थपिएकोछ:-

"(१क) यो ऐन वा यस ऐन अन्तरगत बनेको नियम वा प्रचलित कानून विपरीत कार्य गरे बापत दण्ड सजाय भोगिसकेका भिसा लिनु पर्ने अवस्थाका विदेशीलाई महानिर्देशकले श्री ५ को सरकारको स्वीकृति लिई अवधि तोकी वा नतोकी नेपाल अधिराज्यबाट निश्काशन गर्ने आदेश जारी गर्न सक्नेछ ।"

(२) उपदफा (२) मा रहेको "उपदफा (१)" भन्ने शब्दहरुको सट्टा उपदफा "(१) र (१क)" भन्ने शब्दहरु राखिएका छन् ।

७. मूल ऐनको दफा १० मा संशोधन : मूल ऐनको दफा १० को उपदफा (४) मा रहेका "कुनै कार्य गरेमा" भन्ने शब्दहरु पछि "निजले तिर्नु पर्ने भनी ठहर भएको बिगो रकम समेत असुल गरी" भन्ने शब्दहरु र सोही उपदफामा रहेका "दशहजार रुपैयाँ सम्म" भन्ने शब्दहरुको सट्टा "पचासहजार रुपैयाँ सम्म" भन्ने शब्दहरु राखिएका छन् ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. मूल ऐनको दफा १३ मा संशोधन : मूल ऐनको दफा १३ को सट्टा देहायको दफा १३ राखिएकोछ:-

"१३. भिसा दस्तूर नलाग्ने : यो ऐन वा प्रचलित कानून बमोजिम तहकिकातको क्रममा थुनामा परेको कुनै विदेशीको हकमा थुनामा रहेको अवधि सम्म र मुद्दा दायर गरिएको कुनै विदेशीको हकमा त्यस्तो मुद्दा दायर गरिएको दिन देखि मुद्दाको फैसला भई कैदको सजाय भएकोमा कैद भुक्तान भएको दिन सम्म र जरिवाना मात्र भएकोमा जरिवाना बुझाएको दिन सम्मको भिसा दस्तूर लाग्ने छैन ।"

लालमोहर सदर मितिः- २०५०।६।२७।४

आज्ञाले,
वेदव्यास क्षेत्री
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
220